अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्वन्धित

वन पैदावार लिलाम विक्रिको विस्तृत सुचना

श्री आदर्श सामुदायिक वन उपभोक्ता समूह सुनवल न.पा.-४

काठ वोलपत्रद्वारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८२/०१/२१)

यस सामुदायिक वन उपभोक्ता समूहवाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रवाट सामुदायिक वनको स्विकृत कार्ययोजना अनुसार पुनरुत्पादन कटान र ढलापडा तर्फ २०८१/०८२ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना वुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै वोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हन गरिन्छ ।

तपशिलः–

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | लट नं. | जात | किसिम | ग्रे. | थान | परिमाण(घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | संङ्कलन खर्च(रु) | कैफियत |
| १ | १ | सिसौं | गोलिया | ए | ५५ | ४६९.०६ | ७०० | ३२८३४२.०० | संङ्कलन खर्च प्रति क्यूफिट१४३/- | C1S1-F2(धाङ्ग-४ र ८),C2S2-F2(धाङ्ग-४) |
| | | | | वी | १४५ | ३८२.६५ | ५०० | १९१३२५.०० | | |
| | | कुम्भि | | | १३ | ७१.१६ | १०० | ७११६.०० | | |
| | | कुसुम | | | १० | ६९.०७ | १०० | ६९०७.०० | | |
| | | जिङ्गड | | | १४ | ६१.८२ | १०० | ६१८२.०० | | |
| | | टिकूल | | | १७ | ६०.६९ | १०० | ६०६९.०० | | |
| | | बाँझि | | | २० | ८९.८२ | १०० | ८९८२.०० | | |
| | | बोटधईरौं | | | ८ | ३१.९१ | १०० | ३१९१.०० | | |
| | | अन्य | | | १० | ६७.३४ | १०० | ६७३४.०० | | |
| जम्मा | | | | | २९२ | १३०३.५२ | | ५६४८४८.०० | | |
| २ | २ | सिसौं | गोलिया | ए | ४४ | ३४७.२७ | ७०० | २४३०८९.०० | संङ्कलन खर्च प्रति क्यूफिट१४३/- | C1S1-F2(धाङ्ग-9 र 10),C2S2-F2(धाङ्ग-2) |
| | | | | वी | ११२ | २६५.६५ | ५०० | १३२८२५.०० | | |
| | | टिक | | वि | १५ | ३६.६८ | ६०० | २२००८.०० | | |
| | | जामुन | | ए | ३ | ६७.८४ | ४०० | २७१३६.०० | | |
| | | | | वि | ६ | ६०.८९ | ३०० | १८२६७.०० | | |
| | | | | सि | २३ | ६८.७ | १०० | ६८७०.०० | | |
| | | जिलविले | | | ४ | १८.२७ | १०० | १८२७.०० | | |

Scanned with CamScanner

CS Scanned with CamScanner

| | बन पैदावारको विवरण | | | | | | मूल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लट नं. | जात | किसिम | ग्रे. | थान | परिमाण(घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | संङ्कलन खर्च(रु) | कैफियत |
| | | भेलर | | | ४ | १६.३५ | १०० | १६३५.०० | | |
| | | असना | | ए | ८ | १५३.६१ | ४०० | ६१४४४.०० | | |
| | | | | बी | १३ | १५०.८२ | ३०० | ४५२४६.०० | | |
| | | | | सि | ३८ | १८१.८२ | १०० | १८१८२.०० | | |
| | जम्मा | | | | २७० | १३६७.९ | | ५७८५२९.०० | | |
| ३ | ३ | कर्मा | | ए | १४ | ३७३.२५ | ४०० | १४९३००.०० | संङ्कलन खर्च प्रति क्यूफिट१४३/- | C2S2-F2(धाङ्ग-3 |
| | | | | बि | २७ | ३२६.७७ | ३०० | ९८०३१.०० | | |
| | | | | सि | ७८ | ३६७.४८ | १०० | ३६७४८.०० | | |
| | | टिकुलि | | | ७ | ११.१२ | १०० | १११२.०० | | |
| | जम्मा | | | | १२६ | १०७८.६२ | | २८५१९१.०० | | |
| ४ | ४ | सिसौं | | ए | १९ | १३९.४८ | ७०० | ९७६३६.०० | संङ्कलन खर्च प्रति क्यूफिट१४३/- | ढलापड्डा घाङ्ग-१,३,४,५ र ६ |
| | | | | बी | ७७ | २१४.९ | ५०० | १०७४५०.०० | | |
| | | साल | | सी | ८ | २१.८४ | ६०० | १३१०४.०० | | |
| | | सिरिष | | ए | ६ | १००.०६ | ३०० | ३००१८.०० | | |
| | | | | बि | २० | ८८.५६ | २०० | १७७१२.०० | | |
| | | कर्मा | | ए | ५ | १०७.७५ | ४०० | ४३१००.०० | | |
| | | | | बि | ५ | ६५.१३ | ३०० | १९५३९.०० | | |
| | | | | सि | ३६ | १२५.०४ | १०० | १२५०४.०० | | |
| | | असना | | ए | ३ | ८८.३८ | ४०० | ३५३५२.०० | | |
| | | | | बि | १ | १०. | ३०० | ३०००.०० | | |
| | | | | सि | ११ | ४२.३६ | १०० | ४२३६.०० | | |
| | जम्मा | | | | १९१ | १००३.५ | | ३८३६५१.०० | | |
| ५ | ५ | सिसौं | | ए | २१ | २१५.४७ | ७०० | १५०८२९.०० | संङ्कलन खर्च प्रति क्यूफिट१४३/- | ढलापड्डा घाङ्ग-२ र ७ |
| | | | | बी | ९२ | २५१.२२ | ५०० | १२५६१०.०० | | |
| | | कुसुम | | | ५ | ५२.०३ | १०० | ५२०३.०० | | |
| | | जामुन | | ए | १ | १६.१९ | ४०० | ६४७६.०० | | |
| | | | | बी | १ | ८.०८ | ३०० | २४२४.०० | | |
| | | | | सी | १ | ५.६४ | १०० | ५६४.०० | | |
| | | जिङ्गड | | | १२ | १२१.६५ | १०० | १२१६५.०० | | |
| | | बाँझि | | | ३५ | २८३.३३ | १०० | २८३३३.०० | | |
| | | बोटधईरौं | | | ११ | ७७.१५ | १०० | ७७१५.०० | | |
| | | जिलबिले | | | ६ | ३३.७९ | १०० | ३३७९.०० | | |
| | जम्मा | | | | १८५ | १०६४.५५ | | ३४२६९८.०० | | |
| कूल | | | | | १०६४ | ५८१८.०९ | | २१५४९१७.०० | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८२/०२/११ गते साँझको ५ बजे समय भित्र ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८२/०२/१२ गते, साँझको ५ बजे समय भित्र ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी बापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल ईन्भेष्टमेन्ट मेघा बैंक लिमिटेड (NIMB) सुनवल शाखा स्थित खाता नं. १२००१०५०००१४५८ मा नगद जम्मा गरेको

चेर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ । धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

बोलपत्रको प्रत्येक लटका लागि रु.१,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.)बाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०२/१३ गते दिनको १:०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।

Scanned with CamScanner

# लायन्सहरूद्वारा व्हिल चेयर वितरण



बुटवल, २० बैशाख - सामाजिक क्षेत्रमा क्रियाशिल लायन्स क्लब अफ बुटवल स्टार्स, लायन्स क्लब अफ बुटवल मुक्तिनाथले अपाङ्गता भएका दुई जना महिला र पुरुषलाई एक र एक थान व्हिल चेयर वितरण गरेको छ। शुक्रबार एक कार्यक्रम आयोजना गरि सैनामैना नगरपालिका १० सल्लभण्डि पानगाउँ निवासी सृजना सिन्जापति र भेम बहादुर राना लाई लायन्स इन्टरनेशनल ३२५ पि नेपालका जिएसटि कोडिनेटर आशिष कृष्ण श्रेष्ठ र लायन्स इन्टरनेशनल ३२५ पि नेपालका जिएमटि कोडिनेटर दिपक कुमार श्रेष्ठले व्हिल चेयर हस्तारण गरेका हुन।

कार्यक्रममा बोल्दै जिएसटि कोडिनेटर आशिष कृष्ण श्रेष्ठले लायन्स युवाहरू थोरै थोरै रकम जुटाएर सामाजिक कार्यमा अग्रसर रहेको बताए। गरिब विपन्न वर्गलाई गरिने सहयोग सबैभन्दा ठुलो धर्म भएको उनले दाबी गरे। सामाजिक सेवामा समर्पित लायन्स क्लबले लामो समयदेखि विश्वका अधिकांश मुलुकहरूमा मानवीय सेवाका कामहरू गर्दै आएको छ। फरक क्षमता भएका तर अवसर नपाएकाहरू लायन्सको प्रमुख प्राथमिकतामा रहेको जिएमटि कोडिनेटर दिपक कुमार श्रेष्ठले बताए। 'हामी सेवा गर्छौं' भन्ने मुल नारालाई आत्मसाथ गर्दै लायन्स स्टार्सले समाज सेवा गर्ने नारालाई अघि सारेर काम गर्दै आएको क्लबका अध्यक्ष भुपेन्द्र अर्यालले बताए। तेस्तै कार्यक्रममा लायन्स क्लब अफ बुटवल मुक्तिनाथ का अध्यक्ष छवि लाल पाण्डेय,डिष्ट्रिक एडभाइजर लक्ष्मण रेग्मी, डिष्ट्रिक चिफ सुरेश चन्द भट्टाई, रिजन चेयर पर्शन कृष्ण प्रसाद पान्डे जोनचेयपर्सन अन्जिल खान,लायन्स क्लब बुटवल मुक्तिनाथ का प्रथम उपाध्यक्ष तुल्सी राम पान्डे ,लायन्स स्टार्सका सदस्य अब्दुल सलामत र ई छविन्द्र भट्टाइ लगाएत उपस्थीत रहेका थियो।

स्टार्सकासंस्थापक सदस्य तथा कार्यक्रम संयोजक कमलेश कुमार कसौधन लगायतले सामाजिक कार्यमा आफुहरूको साथ रहने बताए।

लायन्स क्लब अफ मुक्तिनाथ सदस्य तथा कार्यक्रम संयोजक कल्याण घिमिरेको आफ्नो जन्मदिनको अवसरमा अन्त खर्च गर्नुभन्दा मानवीय सेवाका लागि सहयोग पुर्‍याउन र अरुलाई पनि सेवामा समर्पित हुन प्रेरित गर्ने उद्देश्यले उक्त रकम प्रदान गरेको घिमिरे बताए।

# रूपन्देही जिल्लास्तरीय यु-१६ क्रिकेट टिम छनोट सुरु



भैरहवा, २० वैशाख- अन्डर-१६ प्रदेशस्तरीय क्रिकेट टिम छनोटका लागि रूपन्देही जिल्लास्तरीय खेलाडी छनोट सुरु भएको छ। भैरहवास्थित सिद्धार्थ रंगशालामा शनिबारदेखि जिल्लास्तरीय टिम छनोट सुरु भएको रूपन्देही क्रिकेट संघका उपाध्यक्ष समेत रहेका कार्यक्रम संयोजक धीरज अधिकारी क्षेत्रीले जानकारी दिए।

एशियन क्रिकेट काउन्सिल (एसीसी) को कार्यक्रम अनुसार यही जुन २०२५ मा 'एसीसी पुरुष यु-१६ इस्ट जोन कप २०२५' प्रतियोगिता हुँदैछ। उक्त प्रतियोगितालाई मध्यनजर गरी नेपाल क्रिकेट संघले यही २०८२ जेठ दोस्रो सातादेखि यु-१६ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको आयोजना गर्दैछ। त्यसका लागि प्रादेशिक क्रिकेट टिम छनोटका गर्न भैरहवामा जिल्लास्तरीय छनोट सुरु भएको हो।

क्षेत्रीका अनुसार सार्वजनिक सूचना आह्वान पछि यु-१६ का १ सय २४ जना खेलाडीहरूले फारम भरेर छनोट खेलमा सहभागिता जनाएका छन्। यी खेलाडीहरूबाट उत्कृष्ट छनोट गरी ४ टिम बनाई मंगलबारदेखि प्रतिस्पर्धा गराइने छ। प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई समेटेर रूपन्देही जिल्लास्तरीय टिम बनाइने क्षेत्रीले बताए। खेलाडीहरूलाई प्रशिक्षक शंकर राना, दुर्गा सेन र मानबहादुर थापाले प्रशिक्षण दिनेछन्।

छनोट खेलमा सहभागी हुन आएका क्रिकेटर आरिफ खान, स्वस्तिक पराजुली र समीर ओलीले टिममा छनोट हुनका लागि खेलाडीहरूबीच तिव्र प्रतिस्पर्धा रहेको जनाए। आफूहरूले राम्रो प्रदर्शन गरी छनोट हुने प्रयासमा रहेको उनीहरूको भनाई छ।

प्रशिक्षक रानाले रूपन्देही क्रिकेटको उर्वरभूमि रहेकाले छनोट खेलमा सहभागिता राम्रो भएको बताए। उनले उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई टिममा समावेस गरिने जनाउँदै त्यसका लागि तयारी थालिएको जनाए। धेरै खेलाडीहरू सहभागी भएकाले आफूहरूको प्रयास राम्रो गर्नेहरूलाई टिममा राख्ने भएको उनको भनाई छ।

रूपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाका अनुसार जिल्लाका विभिन्न एकेडेमी र विद्यालयमा प्रशिक्षण लिइरहेका खेलाडीहरू टिममा समावेस हुनका लागि प्रतिस्पर्धामा छन्। उनले संघले संचालन गरेको रूपन्देही क्रिकेट एकेडेमी र सिद्धार्थ क्रिकेट मैदानमा खेलाडीहरूलाई स्पर्धा गराइने बताए। राम्रा खेलाडी छनोट गरी राष्ट्रिय टिममा रूपन्देहीका धेरै भन्दा धेरै खेलाडी समावेस होउन् भन्ने आफूहरूको उद्देश्य रहेको अध्यक्ष थापाको भनाइ छ।

# विदेशी विद्यार्थीलाई नेपालका विश्वविद्यालयमा आकर्षित गर्नुपर्छ : पूर्वमन्त्री खाँण




भैरहवा, २० वैशाख - नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा पूर्वगृहमन्त्री बालकृष्ण खाँणले विदेशी विद्यार्थीलाई पनि नेपालमा पढ्न छात्रवृत्ति प्रदान गरेर आकर्षित गर्नुपर्ने बताएका छन्। उनले नेपालका विश्वविद्यालय तथा क्याम्पसहरूमा विदेशी विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सके विदेशीको आर्कषण समेत बढ्ने उल्लेख गरे। नेपालका युवा विद्यार्थीलाई देशमै रोक्न पढ्दै कमाउन मिल्ने गरी शिक्षा नीति लिनुपर्ने उनको भनाइ छ।

बुटवलको सिद्धार्थ गौतमबुद्ध क्याम्पसको क्याम्पस सभाको शनिबार उद्घाटन गर्दै क्याम्पस व्यवस्थापन समितिका संस्थापक अध्यक्ष समेत रहनुभएका खाँणले शिक्षालाई सीप र सीपलाई रोजगारीसंग जोड्नेगरी तीनै तहका सरकारले नीति बनाउन र नीति अनुसारका कार्यक्रम ल्याउन आग्रह गरेका छन्।

त्यस अवसरमा बोल्दै बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले बुटवल बहुमुखी क्याम्पस र लुम्बिनी वाणिज्य क्याम्पस भन्दा पृथक हुनेगरी सिद्धार्थ गौतमबुद्ध क्याम्पस स्थापना गरिएको बताउँदै पृथक पहिचान स्थापित गर्न क्याम्पस प्रशासनलाई आग्रह गरे।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष निर्मलप्रसाद लाकौलले प्राप्त भएका सुभावका आधारमा थप कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरे। त्यस्तै क्याम्पस व्यवस्थापन समितिका पदेन सदस्य बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले विद्यार्थीलाई आकर्षण गर्नेगरी विषयगत हिसावले नविनतम शैक्षिक कार्यक्रम सञ्चालन गर्न सुझाव दिँदै विषयगत क्रियाकलापमा संघले सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका छन्।

कार्यक्रममा क्याम्पस व्यवस्थापन समितिका उपाध्यक्ष तथा पूर्व क्याम्पस प्रमुख कृष्णलाल जोशी, क्याम्पस प्रमुख गोपालप्रसाद चापागाई, पब्लिक क्याम्पस प्राध्यापक संघका रामनाथ उपाध्याय, पब्लिक क्याम्पस कर्मचारी संघका ओमभद्र गौतम लगायतले बोलेका थिए।

सञ्चालक समितिको अध्यक्षमा पुनः लाकौल बुटवलको सिद्धार्थ गौतमबुद्ध क्याम्पस सञ्चालक समितिको अध्यक्षमा पुनः निर्मल लाकौल निर्वाचित हुनु भएको छ। शनिबार भएको क्याम्पस सभा (अधिवेशन)ले उनलाईं पनि सञ्चालक समितिको अध्यक्षमा सर्वसम्मत निर्वाचित गरेको हो। क्याम्पस सभाले लाकौलको अध्यक्षतामा नयाँ सञ्चालक समिति सर्वसम्मत चयन गरिएको क्याम्पस प्रमुख गोपालप्रसाद चापागाईले जानकारी दिए।

# जसपा नेपाल रूपन्देहीको अध्यक्षमा यादव



भैरहवा, २० वैशाख - जनता समाजवादी पार्टी जसपा नेपाल रूपन्देहीको जिल्ला अध्यक्षमा पुनः सियाराम यादव निर्वाचित हुनु भएको छ। जसपा नेपाल जिल्ला कार्यसमिती रूपन्देहीको शुक्रबार भैरहवामा भएको एकताको प्रथम जिल्ला अधिवेशनले पुन यादवको अध्यक्षतामा २९ सदस्यीय नयाँ कार्य समिती सर्वसम्मत निर्वाचित गरेको हो। जसको उपाध्यक्षमा कलामुद्दीन खाँ, गोविन्द कोहार, सचिवमा विष्णु प्रसाद अधिकारी, उपसचिवमा जयशंकर पाठक, सुनिता खड्लुक र कोषाध्यक्षमा चन्द्रभान तिवारी निर्वाचित भएका छन्।

यसैगरी सदस्यहरूमा रामवेलास यादव, जितेराज भर, बाबुराम पाल, सन्त प्रसाद बरई, गुरुदेव गौड, विनय यादव, राजेश यादव, सुरेन्द्र धवल, कान्छा कोहार, दिपेन्द्र यादव, महेन्द्र केवट, मीना कुमारी गिरी वि.क., प्रेम बहादुर उप्रेती, शंकर किशोर विश्वकर्मा, मोहम्मद मुसलमान, कृष्ण कुमार क्षेत्री, मोहम्मद खलिल, राम कुमार पासवान, जोगिन्दर यादव, जगजीवन यादव, जंग बहादुर यादव र गणेश केवट रहेका छन्।

# चिकित्सक संघ र सरकारबीच सहमति, आन्दोलन फिर्ता



काठमाडौं २० वैशाख। नेपाल चिकित्सक संघ र सरकारबीच सहमति भएको छ। शनिबार काठमाडौंमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र नेपाल चिकित्सक संघबीच भएको छलफलपछि सहमति जुटेको हो।सहमति भएसँगै चिकित्सकहरूको आन्दोलन स्थगित भएको छ।

स्वास्थ्य मन्त्रालयसँग आवासीय चिकित्सकहरूले चिकित्सा शिक्षा आयोगको १६ औं बैठकको निर्णय कार्यान्वयन गर्ने, म्याचिङका चिकित्सकहरूका लागि यथाशिघ्र सुरु गर्न चिकित्सा शिक्षा आयोगलाई निर्देशन दिने र बिदाका विषयहरूमा कार्यदल बनाएर स्वास्थ्य मन्त्रालयले पूरा गर्नसक्ने कुरा स्वास्थ्य मन्त्रालयबाट र नसकेका कुरालाई निर्देशन गरेर पठाउने सम्झौता भएसँगै आवासीय चिकित्सकहरू आन्दोलन छोड्न सहमत भएका हुन्। मन्त्री पौडेलले आवासीय चिकित्सकहरूका मागहरू पूरा गर्न स्वास्थ्य मन्त्रालय तयार रहेको र त्यसको कार्यान्वयन गर्ने सहमति भएको जानकारी दिए।प्रतिवद्धता गरिसकेपछि नेपाल चिकित्सक संघ यो आन्दोलन घोषित कार्यक्रम थियो, त्यसलाई फिर्ता लिन तयार हुनुभएको छ,' मन्त्री पौडेलले भने, ' सम्झौतालाई हामीले इमान्दारितापूर्वक कार्यान्वयन गर्नेछौं। केही विषयहरू जुन चिकित्सा शिक्षा आयोगले निर्णय गरेको थियो, त्यसलाई कार्यान्वयन छिटो नभएको, सहज ढंगबाट नभएको विषय पछिल्लो विषय थियो। त्यसलाई छिटो कार्यान्वयन गर्ने सम्बन्धमा प्रतिष्ठानअन्तर्गतका कलेजहरू पनि क्रमशः कार्यान्वयन गर्न तयार भएको स्थिति छ।'अहिले आन्दोलनपछि निजी मेडिकल कलेजबाट पनि आठौं तह सरह भत्ता दिने प्रतिवद्धता आएको र विभिन्न कलेजमा आवासीय चिकित्सकहरू काम गर्न पर्किसकेको उनले बताए।

# मगर भाषा तालिम समापन

बुटवल, २० बैशाख- बुटवल उपमहानगरपालिकाको सहयोगमा नेपाल मगर संघ बुटवल उपमहानगर समितिले सञ्चालन गरेको एक महिने मगर भाषा तालिमको समापन गरिएको छ। कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले बुटवलमा रहेका सबै जाती तथा समुदायको लोप हुन लागेको भाषा, कला, संस्कार र संस्कृति संरक्षण तथा प्रवर्द्धन गरिने बताए। उनले मगर समुदायको लोप हुन लागेको भाषा र सोरठी, मारुनी जस्ता मगर पहिचानलाई जीवन्तता दिन आवश्यक रहेको धारणा भन्दै यसका लागि बुटवल नगरले आवश्यक सहयोग गर्ने धारणा राखे।

कार्यक्रममा बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालले कुनै पनि जाति वा समुदायको प्रमूख पहिचान भाषा भएकाले भाषालाई पुस्तान्तरण गर्न आवश्यक रहेकोमा जोड दिईन। उनले मगर समुदाय मातृसतात्मक समुदाय भएकाले मगरजातिको घर तथा परिवारमा महिलाहरूलाई समान हैसियत दिने चलन रहेको बताउँदै भाषा संरक्षणका लागि पनि आमाहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जजोड दिईन।

नेपाल मगर संघ उपमहानगर बुटवल समितिका अध्यक्ष बसन्ती साठिघरेमगर, नेपाल मगर संघका केन्द्रीय उपमहासचिव कमला थापामगर, संघकै लुम्बिनी प्रदेश उपाध्यक्ष आन बहादुर सोतीमगर, नेपाल मगर संघ जिल्ला समन्वय समिति रूपन्देहीका अध्यक्ष थर्क बहादुर बाथ्रेमगर, सल्लाहकार किशन बहादुर थापा, प्रशिक्षार्थीहरू नेसु बुढामगर, रिता अर्यलीमगर, ताराप्रसाद बुढाथोकी मगर, प्रमिला बुढामगर, लक्ष्मी रानामगर लगायतल बोलेका थिए। एक महिनासम्म सञ्चालन गरिएको तालिममा ३० जना प्रशिक्षार्थीहरू सहभागी रहेका थिए।

अनुसूची-१५
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०१/२१

वीरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न. पा. -०१, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ. व. २०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा. व. उ. स. को घाटगद्दीमा विभन्न लट बनाई राखिएको साल, असना, कर्मा, जामुन लगायत जातको गोलिया थान १७२३ को ११४७१.५९ क्यु. फि. काठ र ३४ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरूले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री वीरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह**
बुद्धभुमि न. पा. - ०१, कपिलवस्तु

**गोलिया काठ बोलपत्रद्वरा लिलाम विक्रिको सुचना**

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२।०१।२१

श्री चिसापानी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत जातको जम्मा गोलिया थान ५६१ को ५२८७.०४ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन साँझ ५ बजे भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री चिसापानी सामुदायिक वन उपभोक्ता समूह**
बर्दघाट न. पा. वडा नं. - २, नवलपरासी (ब. सु. प.)

**गोलिया काठ बोलपत्रद्वारा लिलाम विक्रिको सुचना**

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२।०१।२१

श्री आदर्श सामुदायिक वन उपभोक्ता समूहको बनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको सिसौ समेत जातको जम्मा गोलिया थान १०६४ को ५८१८.०९ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन साँझ ५ बजे भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री आदर्श सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न. पा. वडा नं. - ४, नवलपरासी (ब. सु. प.)